आर्थिक वर्ष २०६९।२०७० मध्यपुर थिमी नगरपालिकाले सम्पन्न गरेको काम कार्बाहीको

बार्षिक प्रगती समिक्षा

२०७०

प्रतिबेदन

**१. पृष्ठभूमी / परिचय :**

नेपाल सरकारले स्थानीय स्तरमा विकास निर्माण कार्य लगायत अन्य विभिन्न कार्यक्रम तथा योजनाहरु संचालन गर्नका लागि स्थानीय निकायहरुको व्यवस्था गरिएको छ । स्थानीय निकाय (जिल्ला विकास समिति, नगरपालिका र गाउँ विकास समिति) ले आ-आफ्नो क्षेत्र भित्रका बासिन्दाहरुको माग लाई ध्यानमा राखी बजेट,नीति,योजना तथा कार्यक्रमहरु तर्जुमा गरि सो अनुसार भए गरेका कार्य हरु को बाषिक प्रगती स्थानीय स्वायत शासन ऐन २०५५, स्थानीय स्वायत शासन नियमावली २०५६,स्थानिय निकाय(आ.प्र) नियमावली २०६४ सुशासन ऐन २०६३,नियमाबली २०६४ बमोजिम बार्षिक समिक्षा गर्न पर्ने व्यबस्था छ ।

स्थानीय स्वायत्त शासन ऐन २०५५ तथा सम्वन्धि नियमावलीहरुले निर्दिष्ट गरेका उद्धेश्य तथा क्षेत्रगत आधारहरुलाई स्थानीय निकायवाट सेवा प्रवाह गर्ने र विकेन्द्रीकृत विकास प्रकृयालाई अग्रसरता दिई, शहरी विकास गर्ने कार्य नगरपालिकावाट गरिने स्पष्ट व्यवस्था रहेको छ । नियमित रुपमा सम्पादित कार्यहरुको वार्षिक रुपमा समिक्षा गर्न नगरपालिकाले भए गरेका कार्यहरुको आदान प्रदान गर्ने संस्कारको विकास वाट आगामी दिनमा गरिने कार्यहरुलाई निर्देशित गर्न मद्धत पु-याउछ । यसवाट आगामी वर्षमा दिर्घकालीन निति तथा कार्यक्रमका आधार समेत तयार पार्न सहयोगी भई संस्थागत प्रणालीको विकासमा अभिवृद्धी गर्ने अभिप्रायले यस नगरपालिकाको आ.वं.०६९।०७०को बार्षिक प्रगती समिक्षा गरिएको हो ।

**२. समिक्षाको उद्धेश्य** :यस समिक्षाको प्रमुख उद्धेश्य आ.व.०६९।०७० मा कार्यक्षेत्रका आधारमा कार्यप्रगतीको रुपमा आधारित रही नगरपालिकावाट भए गरेका कार्यहरुको समष्टिगत अवस्था झल्काउनु रहेको छ भने अन्य उद्धेश्यहरु निम्नानुसार रहेका छन :

- क्षेत्रगत कार्यप्रगती विवरणको समिक्षा गरी बिभिन्न राजनिति दल,नागरिक समाज,नपा पुर्बसर्वदलिय संयन्त्र सरोकारवाला निकायवाट आवश्यक थप राय सुझाव लिई आगामी सम्पादित कार्य पद्धतीलाई अझ व्यवस्थित गर्नु ।

- आगामी आ.व. को निति तथा कार्यक्रम तथा वार्षिक वजेटको उद्धेश्यहरु निर्धारण गर्नु ।
- समिक्षा पद्धतीलाई संरचनागत आधार दिई नियमित समिक्षा पद्धतीलाई संस्थागत विकास गर्नु ।

**३. कार्यक्रम संचालन स्थान र मिति :-**कार्यक्रम २०७० भाद्र २४ गते दिन दिउसो १.०० बजेबाट सहयोगी बचत तथा ऋण सहकारी संस्था लि.मा संचालन भएको थियो ।

**४. सहभागीहरु :-**

कार्यक्रममा पुर्ब जनप्रतिनिधिहरु ,पुर्ब सर्वदलिय संयन्त्रका प्रतिनिधिहरु, बिभिन्न कार्यालयका प्रतिनिधिहरु, सामाजिक संघ संस्थाका प्रतिनिधिहरु,नागरीकसमाज,पत्रकारहरु,सहकारीसंस्था, टोल विकास संस्थाका प्रतिनिधिहरु तथा उपभोक्ता समितिका प्रतिनिधिहरु न.पा कर्मचारी सहित ७४ जनाको सहभागिता रहेको थियो । सहभागीहरुको विवरण अनुसुचि १ मा संलग्न गरिएको छ

**५) कार्यक्रम संचालन प्रकृया :-**

मध्यपुर थिमि नगरपालिकाका प्रमख एवं कार्यकारी अधिकृत श्री दुर्गा देबी देबकोटाको अध्यक्षता, वरिष्ठ कानून अधिकृत श्री केशव सिलवालले संचालन गर्नु भएको बार्षिक प्रगती समिक्षा लाई दुई सत्रमा विभाजन गरि संचालन गरिएको थियो । पहिलो सत्रमा नगरपालिकाले आ.ब०६९।०७० को बार्षिक प्रगती समिक्षा बारेमा प्रमख एवं कार्यकारी अधिकृते प्रस्तुत गर्नु भएको थियो । प्रस्तुतीकरण गरिएका विवरणहरु अनुसुचि २ मा संलग्न गरिएको छ ।

दोश्रो सत्रमा सहभागीहरुका लागी न.पा द्धारा प्रस्तुत बार्षिक प्रगती समिक्षा सर्न्दभमा आ-आफ्नो राय सल्लाह, सुझाब,गुनासोका लागि खुल्ला छलफल तथा अन्तरक्रिया ्गरिएको थियो । सहभागीहरुले दिएका रचनात्मक राय सुझाव, जिज्ञाशा, गुनासोहरु अनुसुचि ३ मा संलग्न गरिएको छ । कार्यक्रममा सेवाग्राही नागरिकहरु तथा अन्य सहभागीहरुले उठाएका प्रश्नहरुका सम्वन्धमा कार्यकारी अधिकृतले प्रस्ट पार्नु भएको थियो भने उठेका विषय बस्तुहरुको बारेमा नगरपालिकाका सामुदायिक शाखा प्रमुख तुलसी भक्त तकोले फोहोरमैलाको बिषयमा प्रस्ट पार्नु का साथै रिपोर्टिङ्ग समेत गर्नु भएको थियो । अन्तमा मध्यपुर थिमि नगरपालिकाका प्रमुख एवं कार्यकारी अधिकृतले सम्पुर्ण सहभागीहरुवाट प्राप्त रचनात्मक सुझावलाई ग्रहण गरी जिम्मेवारीताको प्रतिवद्धता समेत व्यक्त गर्दै समग्र जिज्ञाशा तथा प्रश्नहरुका सम्वन्धमा प्रकाश पारी कार्यक्रममा सहभागी सम्पुर्ण माहानुभावहरुलाई धन्यवाद दिंदै आगामी दिनमा पनि रचनात्मक सुझाव,सहयोग तथा सहकार्यको अपेक्षा गर्दै कार्यक्रम विसर्जन गर्नु भएको थियो ।

**६) उपलब्धीहरु :-**

क) बिकास निर्माणका कार्यक्रमहरु संचालन गर्न सहयोग पुग्ने ।

ख) समेटन नसकिएका महत्वपुर्ण योजनाहरुलाई आगामी बर्षमा समेटन सहज हुने ।

ग) संचालन गरिने योजनाहरुमा जनसहभागिता जुटने ।

घ) नगरपालिकाबाट संचालित बिकास कार्यक्रम उपलब्ध सेबा,बस्तु,सुबिधाको सार्बजनिकरण ।

ङ) सम्बन्धीत सरोकारवालाहरुलाई जानकारी गराउनु ।

च) नगरपालिकाबाट संचालित बिकास कार्यक्रम, उपलब्ध सेबा, सुबिधा बस्तुमा नगरबासीले उठाएका प्रश्नहरुमा स्पष्टता ल्याउन मौका मिल्यो ।

छ) नागरीक समाज र सर्बसाधारण लाई न.पा को काम कारबाहीको सुचनामा अभिबृद्धी सहयोग पुग्ने ।

## अनुसुची ३

## कार्यक्रममा सहभागीहरुवाट आएकाजिज्ञाशा तथा सुझावहरु

१. केदार खडका पुर्ब वडा अध्यक्ष वडा नं ३ मध्यपुर थिमि नगरपालिकाका

- गत बर्ष संचालन भएको योजना तथा कार्यक्रम प्रस्तुती भएकोमा नगरपालिकाका लाई धन्यबाद ।
- गत बर्षको कमी कमजोरी लाई औलाएर आगामी कार्याक्रम तय गर्न का लागी सहयोग पुग्ने ।
- योजना संचालन गर्दा जनता संग गरिने ब्यबहार लगाएतका बिषयमा जनगुनासो छ ।
- बिनियाृजित बजेट समग्रमा खर्च नहुनु राम्रो होईन ।
- खानेपानीको समस्यालाई न.पाले सम्बोधन गर्नु प-यो ।
- नगरपालिकाको भुउपयोग निति कार्यन्बयन हुन नसक्नु कमजोरी पक्ष हो ।
- कार्याक्रमको सफलताको शुभ कामना ।
- भौतिक बिकासका लागी मात्र बजेट बिनियोजन न.पा बाट भयो । अन्य क्षेत्रमा किन कम बजेट बिनियोजन ?

२. ओम प्रकाश श्रेष्ठ पुर्ब वडा अध्यक्ष वडा नं ९

- आबश्यक्ताका पहिचान गरी प्राथामिक्ता को आधारमा योजना संचालन गर्नु पदर्छ ।
- आगामी दिन शुभ रहोस ।
- बेरुजु धेरै भएकोमा फर्छौट तर्फ कारबाही अगाडी बढाउनु पर्ने ।
- खानेपानी ब्यबस्थापनमा नगरपालिको बिषेश ध्यान दिनु पर्दछ ।
- बाल शोषण बिरुद्ध न.पाले कार्याक्रम संचालन गर्नु पर्दछ ।
- पर्यटन क्षेत्रमा न.पाले ध्यान दिई पर्यटन उधोगलाई promote गर्न पर्दछ ।

३.कृष्ण बहादुर घजु पुर्ब वडा अध्यक्ष वडा नं ५

- कार्यक्रममा भए गरेको जानकारी दिएकोमा पुर्ब जनप्रतिनिधिको हैसियतबाट धन्यबाद छ ।
- बार्षिक समिक्षाबाट आगामी दिनका कार्यकम तय गर्न सहज हुन्छ ।
- न.पाले सडक बिस्तार गर्ने काम गरेता पनि बैज्ञानिक ढंग बाट सो कार्य नभएकोले ध्यान दिन पर्ने ।
- खानेपानीको समस्यालाई न.पाले ध्यान दिनु प-यो ।
- खानेपानीको चुहाबट रोक्न न.पाले पहल गनु प-यो ।
- बिनियोजित बजेट खर्च गर्न नसक्नु लाज मर्ने कुरा हो ।
- कला,सस्कृति लाई संरक्षण गर्न न.पाले बिशेष कार्यक्रम ल्याउनु पर्ने ।
- न.पाले सहकार्य गरी संचालन गरेका जग्ग उकिकरण आयोजनाहरु समयमै सम्पन्न किन भएन ?
- म.थि.न.पाको भु-उपयोग निति लागु गर्न नसक्नु न.पाको कमजोरी ।
- जनप्रतिनिधिहरुको पालामा निर्माण भएको न.पाको मापदण्ड कार्यान्बयन हुन सकेन किन ?
- बाटो निर्माण, सडक कालो पत्रे ,बाटो बिस्तार,ग्राभेल गर्ने कार्य नयां बस्तीमा मात्र किन ?
- आय श्रोतको पहिचानका गर्नु प-यो ।

४. सानुकाजी राज बाहाक नागरिक सचेतना केन्द्र संयोजक वडा नं १

- नागरिक सचेतना केन्द्मा भएको खर्चको अनुगमन हुनु पर्दछ ।
- बिकास निर्माण लगायत अन्य क्षेत्रमा गएको अनुदानको स्पस्ट खांका आउन पर्ने ।
- बिल भरपाई पेश गर्दा आज सम्म योजना फर्छ्यौट हुन सकेन किन
- न.पाले मठ,मन्दिरको संरक्षणका लागी बिषेश ध्यान दिनु पर्ने ।
- महिलाको क्षेत्रमा छुट्टाएको बजेट कम भयो ।
- महिलाको क्षमता बिकास मा जोड दिने पर्दछ ।
- कार्याक्रममा सहभागीता कम किन ?

५ कैलाश भक्त प्रधानाङ्ग पुर्ब वडा अध्यक्ष वडा नं ५

- समिक्षा गोष्ठी गर्नु राम्रो ।
- कला, संस्कृतिको जर्गेना गर्दै पर्यटकिय क्षेत्रको बिकासमा ध्यान दिनु पर्‍यो ।
- गत बर्षको समिक्षा गर्दा कति खर्च भयो ?कति बजेट बाकी छ ? सो स्पस्ट आउन पर्थ्यो ।
- न.पा ले बैकल्पीक आय श्रोत को ब्यबस्था गर्नु पर्ने ।
- फोहोरको ब्यबस्थापन न.पा ले उचित तबरबाट गर्न पर्ने ।
- प्रति जग्गा संरक्षणका लागी न.पाले ध्यान दिन पर्दछ ।
- कला संस्कृतिको बिकास र जगेनाका लागी बजेट रकम वडा कार्यालय बाट प्दान गर्ने गरी बिनियोजन हुन पर्ने ।
- खानेपानी को ब्यबस्थाका लागी न.पाले समन्नायत्मक भुमिका निर्बाह गर्नु पर्छ ।
- खानेपानी को ब्यबस्थाका लागी ढुङ्गेधारा,कुवा,इनारको संरक्षण र सुधार हुन पर्ने ।
- बिजुली,टेलिफोन टारको हाईट मापदण्ड लागु हुन पर्ने ।
- फोहोरमैला ब्यबस्थापनका लागी तात्कालिन र दिर्धकालिन  रणनिति तर्जुमा गनुपर्ने ।
- कोरिया नेपाल मैत्री अस्पतालका लागी बार्षिक बार्षिक बजेट निरन्तरताका लागी संघिय मामिला तथा स्थानिय विकास मन्त्रालय संग अनुरोध गर्नृ पर्ने ।
- वडाभेला योजना तर्जुमा गोष्ठी मार्फत आएका योजना लाई प्राथामीकतमा राखी योजना तर्जुमा गनु पर्ने
- सडकको भार बहन दृष्टीगत गरी १० पाङ्गे गाडी लाई निषेध गर्नु पर्ने ।

६. दिलकृष्ण प्रजापति शिक्षक

- न.पाले आय श्रोत बृद्धिका लागी ध्यान दिनु पर्‍यो ।
- नगरपालिका कार्यालयको पुरानो गाडी हटाउंने ब्यबस्था हुनु पर्ने ।
- नगर क्षेत्रको मुख्य स्थानहरुमा सार्बजनिक शौचालयको ब्यबस्था हुनु पर्‍यो ।
- पर्ति जग्गाको लगत तयार गर्न पर्दछ ।
- फोहोर मैला ब्यबस्थापनका लागी न.पाले ध्यान दिन पर्‍यो ।

अनुसुची ३

सार्बजनिक सुनबाई कार्यक्रमको झलक
















